आज मिति २०८३ साल जेठ महिनाको २८ गते बिहिबारका दिन राइनास नगरपालिकाको कार्यपालिका हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा राइनास नगर कार्यपालिकाको ९४ औं बैठक बसी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |

**आमन्त्रित अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| | प्रशासकीय अधिकृत विमला वाग्ले | |
| | इन्जिनियर श्री तितेन्द्र रिसाल | |
| | व. प्र. स. श्री पुष्पा लम्साल वाग्ले | |
| | | |
| | | |

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

CS CamScanner

प्रमाणित

**मिति २०८३/०२/२८ गतेको ९४ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा।
२. भवन अभिलेखीकरण सम्बन्धमा।
३. जलवायु अनुकूलन कार्यक्रम सम्बन्धमा।
४. ठेक्का सम्झौता अन्त्य सम्बन्धमा।
५. राइनास नगर अस्पतालको लागि सामग्री खरिद सम्बन्धमा।
६. सार्वजनिक जग्गाको अतिक्रमण हटाउने सम्बन्धमा।
७. विविध

**निर्णयहरु:**

**निर्णय नं.१**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था तथा कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं.२**

नेपाल सरकार, शहरी विकास मन्त्रालय (भवन निर्माण व्यवस्था सुदृढीकरण समिति) को निर्णय र भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र बमोजिम यस नगरपालिकाको भवन अभिलेखीकरण सम्बन्धी सम्पूर्ण कार्यहरु अर्को निर्णय नभएसम्मको लागि स्थगित गर्ने।

**निर्णय नं.३**

नेपाल जलवायु नमूना कार्यक्रम (३११५७) मा विनियोजित रू. २०,००,००० मध्ये नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुरुप देहाय बमोजिमका कार्यक्रम कार्यान्वयन गर्ने।

| क्र.सं. | कार्यक्रम | बजेट बाँडफाँट (रु.) |
|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापनका लागि रिङ खरिद र व्यबस्थापन | १,००,००० |
| २ | सातबिसे चौतारामा फल्चा निर्माण | ९,००,००० |
| ३ | वडा नं ९ पाडेबारी खानेपानी धारा तथा पधेरो निर्माण | ५०,००० |
| ४ | वडा नं ६, चौतारा निर्माण (पोखरीटार र लामाटोल) २ वटा | २,००,००० |
| ५ | राइनासकोट शौचालय निर्माण | २,५०,००० |
| ६ | फोहर व्यवस्थापन सबै वडा | ५,००,००० |
| | जम्मा | २०,००,००० |

## निर्णय नं.४

कालीगण्डकी रह जिम्मल चौतारा बाँकी भाग कालोपत्रे (वडा कार्यालय ७ जोड्ने) योजनाको लागि निर्माण व्यवसायीको निवेदन अनुसार साविकमा २०८३ जेठ मसान्तसम्म म्याद थप गरिएको। पुनः निर्माण व्यवसायीबाट मिति २०८३/०९/३० सम्म म्याद थप गरिदिनुहुन भनि निवेदन प्राप्त भएकोमा अन्तिम एक पटकका लागि २०८३/०३/१५ गते सम्मका लागि म्याद थप गर्ने। सो समयावधिसम्म पनि निर्माण कार्य सम्पन्न नभएको अवस्थामा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य गराउने।

## निर्णय नं.५

राइनास नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि ब.उ.शी.नं.३७०००११४३ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तरगत निर्माण सम्पन्न भएका आधारभूत अस्पताल सञ्चालन खर्च (२२५२२) को प्राप्त अख्तियारीबाट स्वास्थ्य शाखाको सिफारिसबमोजिम नगर अस्पताललाई आवश्यक पर्ने देहाय अनुसारका सामग्री/उपकरणहरु/औषधि नियमानुसार खरिद गर्ने ।

**बजेट बाँडफाँडको विवरण:**

| क्र.सं. | खरिद गरिने सामग्रीको विवरण | बजेट बाँडफाँट (रु.) |
|---|---|---|
| १ | ल्याप्टप, प्रिन्टर लगायतका इलेक्ट्रोनिक सामग्री खरिद | ६,३६,६०० |
| २ | अस्पताल सम्बन्धी फर्निचर खरिद | १०,००,००० |
| ३ | अस्पताल उपकरण खरिद | १०,००,००० |
| ४ | ल्याब रिएजेन्ट तथा औषधि खरिद | ५,७८,४०० |
| | कूल जम्मा | ३२,१५,००० |

## निर्णय नं.६

राइनास नगरपालिका वडा नं. ६ धमिलीकुवामा सार्वजनिक जग्गामा बनेका घर/टहरा/संरचनामा नगरपालिकाले आफ्नो ताला लगाई (नगरकार्यपालिकाको मिति २०८३/२/४ गतेको निर्णयानुसार) नियन्त्रणमा लिइएको। यस नगरपालिकालाई जानकारी गराई ती घर/टहरा/संरचना हटाउन सम्बन्धित व्यक्तिहरुलाई अन्तिम एक पटकका लागि २०८३ असार ११ गतेसम्म म्याद दिने। अन्यथा नियमानुसार हटाउने।

## निर्णय नं.७ (विविध) :

(क) यस नगरपालिकाका कृषक तथा कृषि सम्बद्ध संस्थाले कृषिजन्य सामग्री ढुवानीको लागि कृषि एम्बुलेन्सको सेवा माग गरेमा जनविकास सहकारी संस्था लिमिटेड तीनपिप्ले लमजुङसँग गरिएको सम्झौता अनुसारकै दररेट बमोजिम कृषि एम्बुलेन्स सेवा उपलब्ध गराउने।

(ख) वडा नं ८ को स्वास्थ्य शिविर सञ्चालन गर्दा भएको खर्च रकम रु ४५,००० र तीज कार्यक्रमको रु ३०,००० र वडा नं ५ को शिवालय मन्दिर रङरोगन गर्दा भएको खर्च रु ३०,००० मिल्दो शीर्षकबाट खर्च भुक्तानी गर्ने।